"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ९ अंक ३४, असोज-कार्तिक,२०७९ www.ncbl.coop 17 September 2022- 16 November 2022

## जनसचेतन सहकारी अभियन्ता राष्ट्रिय पुरस्कारबाट अध्यक्ष उप्रेती सम्मानित

ललितपुर । दोलखामा रहेको जनसचेतन बचत तथा ऋण सहकारी सस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेतीलाई 'सचेतन सहकारी अभियन्ता राष्ट्रिय पुरस्कार' प्रदान गरेको छ ।



संस्थाले रजत जयन्तीको अवसर (२०७४) मा स्थापना गरेको जनसचेतन सहकारी अभियन्ता राष्ट्रिय पुरस्कार २०७९ बाट उप्रेतीलाई सम्मान गरेको हो । राष्ट्रिय सहकारी महासंघका सञ्चालक समेत रहनु भएका उप्रेतीलाई नेपालको सहकारी अभियानमा सहकारी क्षेत्रको प्रवर्द्धन, विकास, व्यवसायिकरण, स्तरीकरण तथा व्यवस्थापनमा महत्वपूर्ण राष्ट्रिय योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गर्ने उक्त पुरस्कारको राशी ३३ हजार ३ सय ३३ रुपैया रहेको छ । संस्थाको ३० औ स्थापना दिवसको अवसरमा असोज २२ गते संस्थाको सभाहलमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति दोलखाका प्रमुख एवम् कार्यक्रमका प्रमुख अतिथि बर्जुराम घतानीले उक्त पुरस्कार प्रदान गर्नु भएको हो । ....... *(बाँकी पृष्ठ २२ मा)*

## डडेल्धुरामा सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखाको आयोजनामा सुदुरपश्चिम प्रदेशको डडेल्धुरामा सहकारी बैंक र सदस्य संघ संस्थाका प्रतिनिधिहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

असोज ३१ गते सोमबार डडेल्धुरामा आयोजित कार्यक्रमको उद्घाटन पछि मन्तव्य राख्नुहुँदै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष तथा बैंकका सल्लाहकार मिनराज कँडेलले राष्ट्रिय सहकारी बैंकले सदस्य सहकारी संघ संस्थाहरु बीच वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै अब सहकारी संस्थाहरुले उत्पादन तर्फ लाग्नु पर्ने उल्लेख गर्नु भयो, उहाँले उत्पादन तथा बजारको समस्या भए उत्पादक र उपभोक्तावीच जोडने काम सहकारी अभियानबाट हुने बताउनु हुँदै ......... *(बाँकी पृष्ठ २३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरु**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

### *सहकारीको सन्दर्भ ब्याजदरलाई स्वचालित बनाउ*

*सहकारीको सन्दर्भ ब्याजदरलाई बजार अनुरुप स्वचालित रुपमा निर्धारण हुने व्यवस्था गर्नु अहिले आवश्यक्ता हो । पछिल्लो समय वित्त बजारमा ब्याजदरमा उतारचढाब आउँदा सहकारी संस्थाका लागि क्यापिंगका रूपमा निर्धारण भएको सन्दर्भ ब्याजदरले प्रतिकुल अवस्था सिर्जना गरेकोले यसलाई स्वचालित बनाउन पर्छ ।*

*कोभिड-१९ महामारी, रूस-युक्रेन युद्ध, असन्तुलित व्यापार घाटा, उच्च मूल्यवृद्धिका कारण समग्र अर्थतन्त्रमा परेको असरबाट सहकारी क्षेत्र पनि प्रभावित भएका छन् । जसका कारण सदस्यहरूमा लगानी भएको सावाँ ब्याज असुलीमा समस्या भएर सहकारी संघ/संस्थाको भुक्तानी सन्तुलन प्रभावित भएको छ ।*

*सन्दर्भ ब्याजदरलाई तत्काल पुनरावलोकन गर्नका लागि सहकारी अभियानको तर्फबाट सुझाव पठाउँदै आएपनि हालसम्म सन्दर्भ ब्याजदर पुनरावलोकन नहुनु दुःखद् कुरा हो छ ।*

*तत्काल सन्दर्भ ब्याजदर पुनरावलोकनका साथै उक्त सन्दर्भ ब्याजदरलाई क्यापिंगको रूपमा नभई बजार अनुरुप स्वचालित रुपमा ब्याजदर निर्धारण हुने कानूनी व्यवस्था मिलाउन नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय समक्ष जोडदार माग गर्नुपर्दछ । सहकारी संघ/संस्थाको वित्तीय जोखिम न्यूनीकरणका लागि अत्यावश्यक सहकारी कर्जा सूचना केन्द्र, वचत तथा कर्जा सुरक्षण कोषको स्थापना तथा कर्जा असुली न्यायधीकरण तत्काल गठन गर्न पनि सहकारी अभियानले लबिङ गर्नुपर्दछ । 'वित्तीय अनुसासनका अभावले केही संस्थामा देखिएको समस्यालाई लिएर समग्र सहकारी अभियानप्रति नै अविश्वास सिर्जना गर्ने अबस्था भएको छ । 'समग्र अर्थतन्त्रमा आएको यस प्रतिकूल अवस्थालाई ध्यान दिई संस्था सु-सञ्चालनमा राष्ट्रिय सहकारी बैंक, जिल्ला, प्रदेश तथा विषयगत केन्द्रीय संघहरू तथा राष्ट्रिय सहकारी महासंघ क्रियाशिल छन् ।*

# सहकारीका बजार प्रतिनिधिहरूको लागि क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौलि शाखा र शुक्लागण्डकी नगरपालिकाको आयोजनमा संचालन भएको “सहकारीका बजार प्रतिनिधिहरुको क्षमता विकास” तालिम असोज ३ गते सम्पन्न भएको छ। तालिममा बैंकको दमौलि शाखामा कारोबार गर्ने शुक्लागण्डकी नगरपालिका क्षेत्रका सहकारी संघ संस्थाका ६० जना भन्दा बढी सहकारीका बजार प्रतिनिधिहरु सहभागी भएका थिए ।

तालिमको सहजीकरण दमौलि शाखाका प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो । तालिममा सहजिकरण गर्दै उहाँले ‘सहकारीका बजार प्रतिनिधि संस्थाको महत्वपूर्ण जिम्मेवारीमा र सदस्यको नियमित सम्पर्कमा रहने भएकोले उत्कृष्ठ कार्य सम्पादन गर्नको लागि तालिम फलदाही हुने भन्दै बैंकले प्रदान गर्ने हरेक तालिममा सहभागी भई उच्च ज्ञान हासिल गर्न र सहकारी क्षेत्रको उत्कृष्ठ कर्मचारी बन्ने अवसर प्राप्त गर्न सहभागीहरुलाई अनुरोध गर्नुभयो’। ‘बजार प्रतिनिधिहरुले संस्थाबाट पाउने सेवा सुविधा आफुले गर्ने कार्य सम्पादनमा भर पर्ने भएकोले असल बजार प्रतिनिधि मात्र नभई भविष्यको असल प्रबन्धक बन्ने उद्देश्य सहित सक्रिय सहभागिताका लागि अनुरोध गर्नु भयो’। तालिममा शुक्लागण्डकी नगरपालिकाको सहकारी शाखाका प्रमुख नवराज पण्डित र शुक्लागण्डकी कर्मचारि क्लबका सचिव कोमल बाँनियाले सहजीकरण गर्नुभएको थियो। तालिममा सहभागिहरुले तालिम निकै उपयोगि भएको भन्दै बैंकलाई धन्यबाद दिएका थिए, आगामी दिनमा पनि क्षमता विकास हुने खालको तालिम संचालन गर्न बैंकलाई अनुरोध गरेका छन् ।

# शुभकामना बहुउद्देश्यीय सहकारी संस्था बैंकको स्तरीकरण कार्यक्रममा आबद्ध




ललितपुर। तनहुँको शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत “केयर” मा आबद्ध भएको छ।

असोज २ गते आईतबार राष्ट्रिय सहकारी बैंकको तर्फबाट स्तरीकरण तथा जोखिम व्यवस्थापन विभागका अधिकृत नवकुमार अधिकारी र संस्थाका प्रतिनिधि बिच स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ । सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने गर्दछ । सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ। सहकारी क्षेत्रमा देखिएका समस्याको पहिचान गरी सहकारी संघ संस्थाहरुले काम गर्दै गर्दा आइपर्ने समस्या समाधानका लागि बैंकका तर्फबाट समन्वय गर्ने र आवश्यकताका आधारमा तत्काल सहयोग समेत गर्ने गरी कोष स्थापना गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो ।

# राष्ट्रिय अर्थतन्त्रमा सहकारीको भूमिका



के.बी. उप्रेती
अध्यक्ष,राष्ट्रिय सहकारी बैक लि.

सहकारी एउटा यस्तो व्यवसाय हो जहाँ संयुक्त रुपमा सदस्यहरुद्वारा आर्थिक लगानी गरी सोमा व्यवसायवाट प्राप्त मुनाफा नियामनुसार वितरण गरिन्छ । एउटा अविच्छिन्न उत्तराधिकारीवाला, स्वायत्त, स्वतन्त्र र उद्यमशिल व्यवसायीक संगठन नै सहकारी हो । सहकारी एउटा यस्तो उद्यम पनि हो जसले सदस्यलाई सेवा प्रदान गदर्छ । सहकारी समुदायमा बसोवास गर्ने मानिसहरुको अभियान हो । यो पूँजीवाद र शोषणबाट मुक्तिका लागि आम जनताको संयुक्त प्रयास हो, जुन एकका लागि नभएर सबैका लागि हुने गर्दछ । हरेक नागरिकले यसको सदस्य बनेर योगदान गर्न एवं वितरीत सेवा ग्रहण गर्न सक्दछन् । यो समुदायमा आधारीत, सदस्य केन्द्रित र सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुरुप संचालन हुनुपर्छ । समुदायमा छरिएर रहेका स्थानीय स्रोत, साधन र पूँजीहरुलाई एकत्रित गरी व्यवस्थापन गर्ने कार्यकुशलता वा क्षमता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने सवल संस्थागत माध्यम नै सहकारी हो ।

अन्तराष्ट्रिय सहकारी महासंघले सहकारीलाई व्यक्तिहरुको स्वच्छिक सहभागीताबाट उनीहरुको समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षा परिपूर्तिका निमित्त सामुहिक स्वामित्व र प्रजातान्त्रीक ढंगबाट नियमित स्वायत्त उद्यमको रुपमा परिभाषित गरेको छ । सहकारीलाई सैद्धान्तिक रूपमा परिचालन गर्ने हो भने रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणमा अहं भूमिका खेल्ने कुरामा कसैको पनि दुईमत नहोला । हाम्रो जस्तो देशमा विकासको प्रभाव अन्य मुलुकबाट पर्छ। अरूको देखासिकीबाट गर्ने अभ्यास छ। देशको कुरा गर्दा पूर्वक्षेत्रमा छिमेकी मुलुकको प्रभावका कारण त्यहाँका सहकारीको विकास भएको छ।

त्यसैगरी पूर्वमा मानिसहरू आफैंमा पनि सहकारी चेतना बढेको छ। त्यसरी मध्यपश्चिम तथा सुदूरपश्चिममा सहकारी केही संकुचित देखिएका छन। देशको सहकारीको कुरा गर्ने हो भने अर्थात् तथ्यांक हेर्ने हो भने आजको दिनमा कर्णाली र सुदूरपश्चिम प्रदेशमा सहकारीको संख्या कम छ। त्यसैले त्यो क्षेत्रमा गरिबीको मात्रा बढी देखिन्छ। सहकारी धेरै भएको स्थानमा गरिबी पनि कम भएको देखिन्छ। सहकारीले नै सबै गरिबी न्यूनीकरण गर्छ भन्ने होइन। तर, यसले अहंम भूमिका भने खेलेको छ। यसर्थ सहकारी क्षेत्रलाई बलियो बनाउन मन्त्रालय खरो देखिए पनि सहकारी क्षेत्रप्रति मानिस अझै विश्वस्त हुन सकेका छैनन् । सहकारी क्षेत्रमा अपेक्षाकृत रूपमा कुल गार्हस्थ उत्पादनमा योगदान दिन सकेको छैन। राष्ट्रको संविधानले समाजवादउन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणको

लक्ष्य पूरा गर्न सहकारीलाई एउटा महत्वपूर्ण माध्यमका रूपमा लिएको छ ।

देशमा सहकारीको यात्रा झन्डै ७ दशक लामो रहेको छ। २०१३ सालबाट सुरुवात भएको सहकारी पद्धतिले यस अवधिमा धेरै आरोह-अवरोह पार गरिसकेको छ। सहकारी ऐन, २०४८ जारी हुनुपूर्व सहकारी सरकारबाट स्थापित, निर्देशित तथा सञ्चालित थिए। यसमा सहकारी संस्थाको संख्या कुल ८ सय ३० थियो। तत्कालीन अवस्थामा साझा सहकारीको नामबाट परिचित ती सहकारी संस्थाको मुख्य कारोबार ऋण लगानी, रासायनिक मलखाद, बिउविजन र कृषि सामग्रीको आपूर्तिमा केन्द्रित थियो। हाल आएर देशभरका ३० हजार भन्दा बढी सहकारीमा भएको स्रोतलाई परिचालन गर्नुपर्छ। सोमध्ये त्यसमा पनि वित्तीय कारोबार गर्ने १५ हजारभन्दा बढी छन। अतः मुलुकमा भने सहकारी क्षेत्रले ठूलो रोजगारी र स्वरोजगारी सिर्जना गरेको छ।

विश्वमा सहकारीमार्फत १० करोडभन्दा बढी मानिसले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन । यसले विश्व अर्थतन्त्रको रोजगारीमा १० प्रतिशतले योगदान पुऱ्याएको छ। विश्वका ३ सय ठूला सहकारीको वार्षिक कारोबार २ दशमलव ५ ट्रिलियन अमेरिकी डलर रहेको छ। विश्व कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान ४ दशमलव ३ प्रतिशत रहेको छ। न्युजिल्यान्डको अर्थतन्त्रमा २० प्रतिशतले सहकारी क्षेत्रले योगदान पुऱ्याएको सम्बन्धित निकायले बताएको छ। एक प्रतिवेदनअनुसार नेदरल्यान्डमा आलु उत्पादनको सय प्रतिशत, दक्षिण कोरियामा कृषि उत्पादनको ४० प्रतिशत, फिनल्यान्डमा दैनिक सेवाको ३३ प्रतिशत, अमेरिकामा ऊर्जा आपूर्तिको १३ प्रतिशत हिस्सा सहकारीको छ ।

त्यस्तै, भारतमा कृषि उत्पादनको ३७ प्रतिशत, माल्टामा माछा आपूर्तिमा ९० प्रतिशत र होन्डुरसमा बिमा सेवाको २७ प्रतिशत सहकारीले ओगटेको छ । देशमा भने वित्तीय सेवाको करिब २० प्रतिशत सहकारीको हिस्सा छ । यसरी सहकारीको योगदान ५ प्रतिशत छ। त्यो भनेको अपेक्षाकृत होइन। हामीले अबको पाँच वर्षभित्रमा १० प्रतिशत पुऱ्याउनुपर्छ भनेर लाग्नुपर्ने स्थिति छ। यसरी जीडीपीमा सहकारीको योगदान कम हुनुको कारण भनेको सहकारीको उत्पादनमूलक कार्यक्रममा सहभागिता कम भयो। त्यसैले अब सहकारीको दिशा भनेको उत्पादनमूलक र व्यावसायिकता हो। अब हामी नयाँ ढंगले जान खोज्नुपर्ने हुन्छ । यदि, सहकारीलाई उत्पादनमूलक क्षेत्रमा सहभागी गराउन सकियो भने स्वभावले नै भोलिका दिनमा जीडीपीमा सहकारीको योगदान बढ्ने अनुमान गर्न सकिन्छ।

सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एउटा सबल स्तम्भका रूपमा स्विकारिएको छ । यस क्षेत्रमा पूँजी कारोबारमा झन्डै १० खर्ब जति छ। यसले मुलुकको वित्तीय क्षेत्रमा ६ प्रतिशतको हाराहारीमा योगदान दिएको छ। देशको समग्र विकासमा करिब २० प्रतिशत योगदान सहकारी क्षेत्रको रहेको अनुमान छ। देशमा विद्यमान सहकारी क्षेत्रको विकासका लागि ७ सय ५३ वटा स्थानीय तह र ७ प्रदेश सरकारको सांगठनिक क्षमता अभिवृद्धिमा ध्यान दिन आवश्यक छ। यसअघि सहकारी विभाग र सहकारी प्रशिक्षण केन्द्रबाहेक ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयहरुबाट देशका सहकारीको प्रशासनिक कार्यहरू हुँदै आएकोमा यो काम अहिले स्थानीय तह र प्रदेश सरकारमा विभाजित भएको छ। विशेषगरी स्थानीय तहको सरकारले सहकारीलाई कसरी लिएको छ त्यसमा सहकारीको विकास निर्भर गर्दछ। सहकारी क्षेत्रलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित मन्त्रालयले कडाभन्दा कडा नियम कानुन बनाएर समस्याको समाधानतर्फ लाग्नुपर्ने बेला आएको छ ।

संघ र प्रदेश सरकारले उचित योजना र कार्यक्रमसहित स्थानीय तहमा सहकारीको दर्ता, अनुगमन तथा नियमन, प्रवर्द्धन र विकासजस्ता काममा दक्षता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक छ। यसर्थ, मुलुकको ७७ वटै जिल्लामा सहकारी विस्तार भएको छ। त्यसैगरी नेपालको संविधानमा सहकारीले महत्वपूर्ण स्थान प्राप्त गरेको छ, भने नेपाल सरकारको आवधिक योजना, नीति र कार्यक्रममा पनि सहकारीले स्थान ओगट्न सफल भएको छ। सहकारीले दिगो विकास लक्ष्य प्राप्तिका लागि सहयोग पुऱ्याउँछ। यसले गरिबीको रेखामुनि रहेका

जनताको स्तरवृद्धिको भूमिका खेल्छ। यसले समाजका निम्नवर्गको सामाजिक स्तर उकास्न मद्दत पुऱ्याउँछ।

त्यसरी परिवर्तन गराउनका लागि आवश्यक कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको साथले मूर्तरूप लिन्छ। तर, त्यसरी आर्थिक अवस्थामा स्तरोन्नति गर्न थालिएका कार्यक्रम भने निरन्तर रहनुपर्छ। यसरी निरन्तर रहेको खण्डमा मात्र लक्षितवर्गमा त्यसको असर देखिन्छ। देशको समग्र विकासमा सहकारीले महत्वपूर्ण योगादन गर्दै आएको छ । त्यसकारण अहिले मुलुकको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रको खम्बा मानेको छ । यसको साथसाथै सहकारीसँग सम्बन्धित राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, विषयगत केन्द्रीय संघहरु, प्रदेश संघहरु, जिल्ला संघ लगायत धेरै संघ-संस्था यसमा क्रियाशील रहेका छन् ।

हाम्रो देशमा सहकारीमा ९० हजारभन्दा बढी मानिसले प्रत्यक्ष रोजगारी पाएका छन। देशभरमा रहेका यी सहकारीमा कुल सेयर पुँजी ९५ अर्ब बढि रहको छ । सहकारीमा पुरुषको तुलनामा १२ प्रतिशतभन्दा बढी महिला आवद्ध भएका छन् । सहकारी विभागका अनुसार महिला ५६ प्रतिशत र पुरुष ४४ प्रतिशत सदस्य रहेको विभागले जनाएको छ । यसअघि सहकारीले ७ खर्ब कारोबार गर्दै आएकामा पछिल्लो समयमा ३ खर्ब बढेर सहकारीको कारोबार १० खर्ब पुगेको छ । सहकारीको सेयर पुँजी ९४ अर्ब १० करोड पुगेको छ। सहकारीले ४ खर्ब ७७ अर्ब ९६ करोड बचत संकलन गरी ४ खर्ब २६ अर्ब २६ करोड कर्जा परिचालन गरेका छन् । यसको साथसाथै बचत तथा ऋण सहकारीमा दुई खर्ब १७ अर्ब निक्षेप छ । मुलुकको वित्तीय क्षेत्रमा सहकारीको २० प्रतिशत र जीडीपीमा ५ प्रतिशत जति योगदान रहेको छ ।

यसर्थ सहकारीले विभित्र सीपमूलक तालिमका माध्यमबाट गाउँदेखि सहरसम्म, व्यक्तिको बढाइको तह र सीपअनुसारको काम गर्ने वातावरण निर्माण गर्दै आएको छ। सहकारी आन्दोलन निकै सकारात्मक मोडतर्फ अगाडि बढिरहेको छ। नेपालमा सहकारी अभियान सुरु भएको ६६ वर्ष पूरा भयो। नेपालमा सहकारी संख्यात्मक रूपमा अति धेरै भए। मुलुकका सहकारीले अझै पनि ठूला-ठूला उद्योग तथा पूर्वाधारमा लगानी गर्न सकेका छैनन। त्यसको साथ-साथै सहकारीका उत्पादनले ट्रेड मार्क पाउन सकेका छैनन्। यसको लागि सरोकारवाला निकाय लगायतको समन्वयमा सहकारीले उत्पादन गरेको बस्तु तथा सेवालाई सहज र सरल बनाई ब्राण्ड रुपमा बिकास गरि गरिबि निवारण र रोजगारी सिर्जना गरी राष्ट्रिय आयमा योगदान गर्न सकिने छ ।

**संस्था परिचय**

# दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड

## कानेपोखरी-६, मोरङ

वि.सं. २०६८ साल पौष १९ गते डिभिजन सहकारी कार्यालय मोरङमा हेफर ईन्टरनेशनल नेपाल, कृषि सुधार तथा प्राविधिक सहयोग मञ्च फेथ उर्लाबारी र ग्रामिण सुधार सामुदायिक वन उपभोक्ता समूहको साझेदारीमा बयरवन एकिकृत पशु बिकास परियोजना अर्न्तगत संचालित ४१ वटा समूह मध्ये २४ वटा समूहहरु मिलेर दर्ता गरि संचालन भएको दिगोपन सामाजिक उद्यमि महिला सहकारी लिमिटेड कानेपोखरी-६, मोरङले सुरुवातमा साविकको वयरबन गा.बि.स. कार्यक्षेत्र बनाई काम गदै आएको थिाये। हाम्रो वरिपरि थुप्रै सहकारी संस्था हुँदाहुँदै पनि बयरवन एकिकृत पशु बिकास परियोजना अर्न्तगत संचालित समूहहरुलाई सकृय रुपमा अगाडि बढाउने उदेश्य राखेर मोरङ जिल्लामै दोस्रो र कानेपोखरी गाँउपालिकामा पहिलो सामाजिक उद्यमी प्रकृतिको सहकारीको स्थापना गरिएको हो ।

यस संस्थाले सहकारीको मूल्य मान्यता र सिद्धान्तहरुलाई पूर्णरुपमा आत्मसाथ गर्दै र शेयर सदस्यहरुलाई कृषि तथा पशुपालनमा उत्पादन र उत्पादकत्व बृद्धि गराउँदै उद्यमीको रुपमा स्थापित गराई सदस्यहरुको आयआर्जनमा बृद्धि, अधिकतमा हित र भलाईको लागि विभिन्न उत्पादन सामाग्री तथा सेवाको उपलब्धता, बजारीकरण, सहुलियत कर्जा, पशु बिमा सेवा, वितिय सेवा आदि सेवा प्रदान गर्दै

आएको छ । यस संस्थाको घोषित तपसिल अनुसारको परिकल्पना, ध्येय तथा लक्ष्य प्राप्तिको लागि सधैं सचेत हुदै सम्पूर्ण रुपमा आफ्ना सदस्य र समुदायको हितमा सहकारीले काम गर्दै आईरहेको छ । परिकल्पना: दिगोपन सामाजिक उद्यमीको चाहना नमुना समृद्ध समाज उद्यमी परिवारको कल्पना ध्येय : प्रत्येक सदस्यहरुको उद्यमशिलताको माध्यमबाट आर्थिक वृद्धि तथा सामाजिक रुपान्तरण गर्ने । लक्ष्य : आगामी तीन वर्षमा प्रत्येक उद्यमी सदस्यको प्रति वर्ष अतिरिक्त आय कम्तीमा ५ लाख भएको हुनेछ ।

संस्थाका गतिविधिहरु : यस सहकारी संस्थामा संचालक समिति संख्या : ११ जना (महिला), सदस्य संख्या : १०५६ जना, समूह संख्या : ७२ वटा, वचत : नियमित, दीर्घकालिन, आवधिक, जोडाजोडी, उद्यमी, ज्येष्ठ सदस्य, वाल वचत, युवा वचत, ऐच्छिक वचत गरी जम्मा ९ प्रकारको वचत गरिरहेको छ । बचत जम्मा रु २,४५,४१,६८३।९४ रहेको छ ।, ऋण लगानी : वचत धितो, समूह परिवार जमाजत, दृष्टिवन्धक, व्यवसायिक ऋण सदस्यमा लगानी गरिएको छ । साथै सहुलियत कर्जा सहजीकरण : हेफर ईन्टरनेशनल नेपालको सहयोगमा एभरेष्ट बैंक बिराटचौक शाखासंग सहुलियत कर्जा सम्झौता गरी लगानीमा सहजिकरण गरेको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सुलभ कर्जा लिई कृषि तथा पशु पालन क्षेत्रमा लगानि गरी सदस्यहरुलाई स्वरोजगार बनाउन प्रयत्नशिल रहेको छ । तालिम गोष्ठी: सदस्य बनिसकेपछि सहकारी शिक्षा आधारशिला तथा स्व-नेतृत्व विकास, व्यवसायिक बाख्रापालन, घासको नसृरी व्यवस्थापन, सहकारीको क्षमतामापन, संस्थाको आन्तरिक नीति संशोधन जस्ता तालिम तथा गोष्ठी संचालन गर्ने गरिएको छ । पशु उपहार कार्यक्रम : यस संस्थाका नयाँ सदस्यहरुलाई तालिम पश्चात बाख्रा तथा बंगुर उपहारको रुपमा दिने सो उपहार पुन नयाँ सदस्य बनाई उपहार हरुतान्तरण गर्ने गरिएको छ । उपहार कार्यक्रम १४ औं पुस्तामा चलिरहेको छ । पशु बिमा सहजिकरण कार्यक्रम : एनएलजी बिमा कम्पनी सगं गाई,भौसि,बाख्रा बंगुरको बिमा जारी देखि मृत्यू दाबि र रकम भुक्तानी सम्मका कार्यक्रम गरि पशु व्यवसायी किसानहरुलाई सेवा प्रदान गरेको छ ।

**व्यवसायिक कारोबार** :

यस संस्थाले बि. सं. २०७३ सालबाट जिवित तौल अनुसारको खसी बोका पाठापाठी खरिद बिक्रि गर्दै आईरहेको छ । किसानको उत्पादनको उचित मूल्य दिन बिचौलीयाहरुको अन्त्य र उत्पादनको बजारीकरणका लागि जिवित खसीवोका पाठापाठी खरिद विक्री व्यवसाय विगत ५ वर्ष देखि गदै आईरहेको छ । हाल खसिवोका संकलन केन्द्र निमार्ण पश्चात यस संकलन केन्द्रबाट रु ७८,८७,०१४।६७ को खरीद र रु ८०,९८,२३७।३७ को बिकी गर्न सफल भएका छौ । तपसिल अनुसारको परिमाण खरिद बिकी गरीएको छ । पशु सन्तुलीत आहारा : किसानको उत्पादन आपूर्तिका लागि पशु सन्तुलीत आहारा (गाई दाना, बाख्रा दाना, चोकर, खनिज ढिक्का) दुई ठाँउबाट विकी गदै आईरहेका छौ ।




| क्र.सं | खरिद तर्फ | बिक्रि तर्फ |
|---|---|---|
| १ | खसी बोका, पाठापाठी खरिद : १३,०३८ के. जी | १२,४४९ के.जी. |
| २ | पशु सन्तुलित आहारा : २०,४०० के. जी. | १८,५९० के.जी. |
| ३ | खनिज ढिक्का : ३९ के. जी. | ३९ के. जी. |

**हाल सम्म प्राप्त अनुदान तथा साझेदारीमा संचालित कार्यक्रमहरु :**

क) खसीबोका संकलन केन्द्र निर्माण - पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय बिराटनगरबाट रु ५०,००,०००।

ख) खसीबोका संकलन केन्द्र निर्माण - हेफर ईन्टरनेशनल नेपालबाट रु ४,७५,०००।

ग) खसीबोका संकलन केन्द्र निर्माण - कानेपोखरी गा. पा.बाट रु ३,५०,०००।

घ) च्यापकटर खरिद -कानेपोखरी गा.पा.बाट रु १५,०००।

ङ) लागत साझेदारीमा बाखा बिकास कार्यक्रम -कानेपोखरी गा.पा. बाट रु १५,००,०००।

च) कोभिड स्वा.सामाग्री हस्तान्तरण -हेफर ईन्टरनेशनल नेपाल र अभियान नेपालबाट रु १२,५०,०००।

छ) पशु स्वा.शिविर- वडा न. ६ र ७ बाट रु ४०,०००।

**१०) सहकारी संस्थासँग रहेका नीतिनियमहरु :**

१) बिनियम
२) सदस्यता नीति २०७६
३) बचत नीति २०७६
४) ऋण व्यवस्थापन नीति २०७६
५) आर्थिक प्रशासन तथा लेखा नीति २०७६
६) संचालक सम्बन्धी नीति २०७६
७) साधारण सभा सम्बन्धी नीति २०७६
८) सम्पत्ति शुद्धिकरण नीति २०७६
९) व्यवसाय विकास तथा बजारीकरण नीति २०७६
१०) कर्मचारी प्रशासन सम्बन्धी नियमावली २०६८

## SLVC – II परियोजनाबाट संस्थामा पुगेका फाईदाहरु :

- संचालक लेखा तथा अन्य उपसमितिको क्षमता अभिवृद्धि ।
- संस्थाको नीति नियम निर्माणमा सहयोग ।
- घाँसको बिउविजन तथा तालिम संचालन ।
- विभिन्न निकाय संग समन्वय सम्पर्क सम्वन्ध विस्तार तथा प्रस्तावना पेशमा सहयोग
- सहकारी मार्फत केभ परिचालन ।
- सहुलियत कर्जाको लागि सहजीकरण
- बजारीकरणमा सहयोग, व्यापारी संग बैठक तथा सहजीकरण
- घासको श्रोत केन्द्र व्यवस्थापन
- एन.एल. जी. बिमा कम्पनि सगं बिमा सहजीकरण, छलफल, गोष्ठी
- सदस्यता बृद्धी, समुह संजाल बैठक संचालनमा ।

**संस्था सँग भएको मानविय श्रोत :**

१. व्यवस्थापक १ जना
२. कार्यलय साहयक १ जना
३. संकलन केन्द्र सहयोगी (हेरालु)

**समस्याहरु :**

१ बजार व्यवस्थापक कर्मचारीको अभाव

२ कार्यालय व्यवस्थापन

३ किसानको तथ्याङ्क संकलन प्रभावकारी नहुनु

४ व्यापारी संग सम्झौता गरी ठूलो परिमाणमा निर्यात गर्न नसक्नु

५ पशु उपहार कोष पर्याप्त मात्रामा नहुनु ।

६ सामाजिक उद्यमी सम्वृद्धि इन्भेष्ट्मेन्ट कम्पनी दर्ता मात्र भई कम्पनीको गतिविधि अगाडि बढ्न नसक्नु ।

७ हारती टेक्नोलोजी सफ्टवेयर संचालनमा रहेता पनि समयसापेक्ष परिमार्जन हुन नसक्नु ।

८ खसीबोका संकलन केन्द्रमा खसीबोका , पाठापाठीलाई छुट्टाछुट्टै राख्नका लागि विभाजन गर्न नसक्नु ।

९ ढुवानी साधनको अभाव ।

१० जिवित तौल अनुसार पशु खरिद बिक्रीमा किसान विश्वस्त नहुनु।

तथ्याङ संकलन कार्य

यस अन्तर्गत प्रत्येक तीन तीन महिनामा समूह प्रतिनिधिको कृषक डायरी मार्फत उत्पादन तथा बिक्री योजनाको तथ्याङक संकलन गर्ने गरिएको छ। जस अनुसार सहकारीका बाखापालन गर्ने घरधुरी बाखा माउको संख्या तपसिल अनुसार रहेको छ ।

| क्र.स. | माउ बाखाको बर्गिकरण | बाखा पाल्ने घरधुरी | जम्मा माउ संख्या |
|---|---|---|---|
| १ | १ देखि २ माउ | ३४६ | ४०३ |
| २ | ३ देखि १० माउ | १९७ | ६९७ |
| ३ | १० देखि २० माउ | १७ | २०९ |
| ४ | २० माउ माथि | ३ | ६७ |
| ५ | जम्मा | | १३७६ |

# कीर्तिपुर क्षेत्रका सहकारीकर्मीहरुलाई बैठक व्यवस्थापन तालिम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कीर्तिपुर शाखा कार्यालयले त्यस क्षेत्रका सहकाकर्मीहरुलाई बैठक व्यवस्थापन सम्बन्धी एक दिवसीय तालिम दिएको छ । असोज ५ गते त्यस क्षेत्रका सहकारीकर्मीहरुलाई लक्षित गरि आयोजना गरेको तालिममा ३४ जना भन्दा बढीको सहभागिता रहेको थियो । तालिममा सहकारी संघ संस्थामा बैठक व्यवस्थापनको समग्र प्रक्रिया, बैठकका नराम्रा पक्ष / कमी कमजोरी, निर्णय निर्माणमा बैठकको भूमिका, माइन्युट लेखन, माइन्यूटको नमुना बैठकको योजना तय, बैठकको तयारी, बैठक सञ्चालन देखि बैठकको माइन्यूट लेखन तथा निर्णय कार्यान्वयन सम्मको समग्र प्रक्रियाको व्यवस्थापन लगायतको विषयमा बैङ्कका अधिकृत सूर्य प्रसाद रिमालले सहजिकरण गर्नु भएको थियो । कीर्तिपुर शाखाका प्रमुख समीर मानन्धरले सञ्चालन गर्नु भएको कार्यक्रममा बैंकको तालिम विभागका अधिकृत मिना कुमारी शर्माले सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

# कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीको आयोजनामा २ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम असोज ६ गते सम्पन्न भएको छ ।

कैलाली जिल्लामा रहेका बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाकासञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो । कार्यक्रममा प्रशिक्षक तथा राष्ट्रिय सहकारी बैंक तालिम विभागका अधिकृत वल्लभ तिमल्सिनाले सहकारीलाई नीतिगत रूपमा सञ्चालन गर्न र सदस्यहरूको हितमा लगाउनका लागि शिक्षा तथा तालिम अति आवश्यक रहेको बताउनु भयो । उहाँले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, तालिम सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहभागीहरूको जिज्ञासाहरू समेट्दै सहभागिता मूलक तालिम दिनुभएको थियो ।

धनगढी शाखाका प्रमुख कृष्ण रावलको सञ्चालनमा भएको समापन कार्यक्रममा वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबार को व्यवस्थापन अति महत्त्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउँदै

प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र वितरण वितरण गरिएको थियो । तालिममा त्यस क्षेत्रमा क्रियाशील ३७ वटा सहकारी संस्थाका ४० जना व्यवस्थापक तथा कर्जाको जिम्मेवारीमा रहेका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# सहकारी संस्थामा सुशासन विषयक तालिम बनेपामा सम्पन्न



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बनेपा शाखाको आयोजनामा सहकारी संस्थामा सुशासन विषयक एक दिवसीय तालिम असोज ६ गते सम्पन्न भएको छ ।

बनेपा क्षेत्रका सहकारीकर्मीहरुलाई लक्षित गरि आयोजना गरिएको तालिममा सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । तालिममा त्यस क्षेत्रका २२ जना भन्दा बढी सहकारी संघ संस्थाका पदाधिकारी, संचालक तथा कर्मचारीहरुले सहभागिता जनाएका थिए । तालिमको सहजीकरण बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहकारी सामुहिक नेतृत्व, एकता, इमान्दारिता, समानता, सहकार्य, परस्पर सहयोग, वित्तीय अनुसासन, स्वावलम्वन, पारदर्शिता, खुलापन, स्वनियन्त्रण, स्वनियमन लगायतका विषयमा सहजिकरण गर्नुभएको थियो ।

## धनगढीमा सहकारी बैंकको प्राविधिक सहयोगमा सञ्चालित पर्ल्स अनुगमन तालिम सम्पन्न

ललितपुर । सहकारी संस्थाहरुको वित्तीय सेवालाई प्रभावकारी बनाउने उद्देश्यले को-अपरेटिभ म्यानेजर्स क्लब कैलालीको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सञ्चालित दुई दिवसीय पर्ल्स अनुगमन प्रणाली तालिम असोज ८ गते सम्पन्न भएको छ ।

सदस्य संस्थाहरुको वित्तीय अवस्थालाई थप प्रभावकारी बनाउन, सुशासनयुक्त संस्था निर्माण तथा सहकारीको मर्म अनुसार अगाडि बढ्नका लागि तालिम आयोजना गरिएको को-अपरेटिभ म्यानेजर्स क्लबले जनाएको छ । तालिम समापनका अवसरमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै सहकारी क्लबका अध्यक्ष छविलाल जैशीले तालिममा सिकेको सीप आफ्नो संस्थामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुझाव दिनुभयो । सहकारी क्षेत्रको प्रभावकारीताका लागि सहकारीमा कार्यरत कर्मचारी तथा सञ्चालकहरूले अध्ययन, भ्रमण र तालिम आवश्यक रहेको भन्दै जिसीले देशको शिक्षा नीतिमा सहकारीको पाठ्यक्रम नभएकाले तालिम नै सिकाईकन महत्त्वपूर्ण आधार हुने धारणा राख्नुभयो । उहाँले सहकारी बैङ्कसँगको सहकार्यमा थप तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिने बताउनु भयो ।

तालिमका सहभागीहरूले पर्ल्स अनुगमन तालिम प्रभावकारी भएको भन्दै संस्थाको उन्नतिका लागि उपयोग गर्ने बताउनुभयो । तालिमका सहजकर्ता तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले सुशासनयुक्त र प्रभावकारी सहकारी सञ्चालनका लागि पर्ल्स तालिम आवश्यक रहेको बताउनुभयो । तालिममा विभिन्न विषयका ३३ वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा पदाधिकारीहरूसहित ३५ जनाको सहभागिता रहेको थियो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रममा सहभागी सप्तरीका संस्थाहरूबीच समिक्षा गोष्ठी

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत सप्तरी जिल्लामा आवद्व सहकारी संस्थाहरु बीच "केयर समिक्षा" कार्यक्रम असोज ८ गते सम्पन्न भएको छ ।

केयर कार्यक्रममा आवद्व सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड सप्तरीको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सनिबार कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्व संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय बैंकका सञ्चालक एवम् प्रदेश नम्बर दुईका संयोजक विश्वनाथ मण्डलले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो ।

उहाँले "कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलव्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नु भयो" । सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।

केयर कार्यक्रममा सहभागि सहकारी संस्थाहरुको तर्फबाट आ-आफ्नो संस्थाको प्रगती विवरण प्रस्तुत गर्दै सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् । कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सञ्चालक शम्भु बहादुर खड्का, राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, शाखा समन्वय उपसमितिका संयोजक गणेश आस, शाखा प्रमुख चन्द्रमनी भट्टराई लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकको स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो । समिक्षात्मक गोष्ठी कार्यक्रमले ९ बुँदे निश्कर्ष समेत निकालेको छ। संस्थाले जोखिममा रहेको ऋणको आधारमा

ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा वैठक गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने लगायत रहेका छन् । कार्यक्रम आयोजक संस्था सहयोगि बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अनोज कुमार यादवको अध्यक्षता तथा व्यवस्थापक विनोद कुमार यादवको संचालनमा भएको थियो ।

# बर्दियामा सहकारीका सञ्चालकहरूलाई क्षमता अभिवृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भुरीगाउँ शाखाले आयोजना गरेको दुई दिने सहकारीका सञ्चालक समितिहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । असोज ११ र १२ गते सञ्चालन भएको तालिममा बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूका सञ्चालकहरूलाई सहकारी ऐन, नियमावली, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको बैकले जनाएको छ। तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो। गुलरिया सहकारी सञ्जालका संयोजक इन्दिरा सुवेदीको अध्यक्षतामा सम्पन्न भएको

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष नवराज ढुगांना प्रमुख आतिथ्यता तथा सञ्जालका सचिव निम बहादुर थापाको आतिथ्यता रहेको थियो । तालिम कार्यक्रममा त्यस क्षेत्रका १४ सहकारी संघ/संस्थाहरूबाट २३ जना सञ्चालकहरूले सहभागिता जनाएका थिए भने तालिमलाई राष्ट्रिय सहकारी बैङ्कका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहजीकरण गर्नु भएको थियो । कार्यक्रम बैंकको भुरीगाउँ शाखाका किरण खत्रीले सञ्चालन गर्नुभएको थियो ।

# सिराहामा सञ्चालित पर्ल्स अनुगमन तालिम सम्पन्न

ललितपुर । सहकारी संस्थाहरुको वित्तीय सेवालाई प्रभावकारी बनाउने उद्देश्य सहित राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाको आयोजनामा सञ्चालित दुई दिवसीय पर्ल्स अनुगमन प्रणाली तालिम असोज १२ गते सम्पन्न भएको छ ।

सदस्य संस्थाहरुको वित्तीय अवस्थालाई थप प्रभावकारी बनाउन, सुशासनयुक्त संस्था निर्माण तथा सहकारीको मर्म अनुसार अगाडि बढ्नका लागि तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिम समापनका अवसरमा सहभागीहरूलाई प्रमाणपत्र वितरण पछि बोल्दै बैंकका सञ्चालक तथा मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डले तालिममा सिकेको सीप आफ्नो संस्थामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुझाव दिनुभयो । उहाँले पर्ल्सका सुचकले संस्था स्वस्थ छ या छैन भन्ने कुरा एकिन गर्ने भएको हुँदा सिकेको कुराहरुलाई सतप्रतिशत व्यवहारमा लागु गर्ने तर्फ लाग्न आग्रह गर्नु भयो । बैंकले स्तरीकरण कार्यक्रम मार्फत संस्थाको स्तर वृद्धि गर्ने गरेको हुँदा उक्त कार्यक्रममा आवद्ध भई सेवा उपभोग गर्न आह्वान गर्नुभयो । साथै बैंकले नविनतम् प्रविधिको उच्चतम उपभोग गर्ने क्रममा E-library, COOP Card (ATM), E-banking, Cheque transfer, SMS banking सेवा सञ्चालन गरेको बताउनुहुँदै उक्त सेवाबाट सहकारी संस्था तथा सहकारी संस्थाका सदस्यहरु लाभान्वित हुने बताउनु भयो । तालिमका सहभागीहरूले पर्ल्स अनुगमन तालिम प्रभावकारी भएको भन्दै संस्थाको उन्नतिका लागि उपयोग गर्ने बताएका छन । तालिमका सहजकर्ता बैंकका अधिकृत सुर्य प्रसाद रिमालले सुशासनयुक्त र प्रभावकारी सहकारी सञ्चालनका लागि पर्ल्स तालिम आवश्यक रहेको बताउनुभयो । तालिममा सिराहा र उदयपुरका ३२ वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा पदाधिकारीहरूसहित ३२ जनाको सहभागिता रहेको थियो ।

बैंकको लहान शाखा समन्वय उपसमिति संयोजक संजय कुमार महताको अध्यक्षतामा भएको कार्यक्रममा उपसमितिका सदस्य देव कुमारी लामा लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रम बैंकको लहान शाखाका प्रमुख समिर श्रेष्ठले सञ्चालन गर्नुभएको थियो ।

# चाबहिल क्षेत्रका सहकारीकर्मीहरू बिच सहकारी बैंकको अन्तरक्रिया

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेड चाबहिल शाखा कार्यालयको आयोजनामा तथा सदगुरु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संयोजनमा त्यस क्षेत्रका सहकारी संस्थाका प्रतिनिधिहरू र बैङ्कबिच असोज २८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

चाबहिल शाखा व्यवस्थापन उपसमितिका संयोजक विकल्प पाठकको अध्यक्षतामा आयोजित कार्यक्रममा बैङ्कका अध्यक्ष के.बी.उप्रेतीको प्रमुख आतिथ्यता तथा सञ्चालक ज्ञान बहादुर तामाङ्गको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा सहकारी संस्थाका अध्यक्ष एवम् व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी क्षेत्रका समसामयिक विषयहरूको साथै बैंकको सेवा सुविधा तथा वित्तीय अवस्थाको विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । उक्त कार्यक्रममा सहभागी संस्थाका प्रतिनिधिद्वारा राखिएका जिज्ञासाहरूको समाधान बैङ्कका अध्यक्ष उप्रेतीले प्रस्ट पार्नु भएको थियो । कार्यक्रमको सहजीकरण चाबहिल शाखाका प्रमुख जानुका नेपालले गर्नुभएको थियो ।

# भक्तपुरमा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्यविनायक शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ ।

असोस २८ गते बैंकको सुर्यविनायक शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि ३२ जना भन्दा बढिको सहभागीता रहेको थियो । सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको

यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । तालिमको सहजिकरण सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो । तालिमका सहभागिहरुले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलव्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

# राष्ट्रिय सहकारी बैंकको स्तरीकरण कार्यक्रम (केयर) समीक्षा गोष्ठि सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध काठमाण्डौ उपत्यका भित्रका संस्थाहरुका विचमा सिकाई अनुभव साटासाटका लागि केयर समिक्षा गोष्ठि सम्पन्न भएको छ ।

असोज २८ गते कान्तिपुरी बहुउद्धेश्यीय सहकारी संस्थाको आयोजना एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा ग्रिन लिफ रिसोर्ट, ओसो तपोवनमा समिक्षा गोष्ठि संचालन भएको थियो । कार्यक्रममा आवद्ध काठमाण्डौ उपत्यकाका दोस्रो समुहका ६ वटा सहकारी संस्थाहरुका विचमा समिक्षा गोष्ठि भएको थियो । समिक्षा गोष्ठिको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रतीले गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन गदै बैंकका अध्यक्ष उप्रतीले सहकारी संस्थाहरुको आजको आवश्यकतानै संस्थागत सुशासन एवं दीगो विकास रहेको र सोहि सन्दर्भमा बैंकले सहकारी स्तरीकरण कार्यक्रम संचालनमा ल्याएको बताउनु भयो ।

सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले यसमा आवद्ध संस्थाहरुको स्तरोन्नतीका लागि स्थलगत अनुगमन, गैरस्थलगत अनुगमन लगायत यस किसिमका समिक्षा गोष्ठिले प्रत्यक्ष सहयोग पुऱ्याउने बताउनु भयो । सहकारी संस्थाहरुको स्तर मापन गरी आवश्यक प्राविधिक सहयोग मार्फत स्तरोन्नतीका लागि बैंकले यस कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको कुरामा जोड भयो । कान्तिपुरी बहुउद्धेश्यीय सहकारी संस्थाका अध्यक्ष मनोज भण्डारीको अध्यक्षतामा भएको समिक्षा गोष्ठिमा बैंकको सदस्य सेवा डिभिजन प्रमुख रामबाबु आचार्य विशिष्ट अतिथि रहनु भएको थियो । कार्यक्रममा कान्तिपुरी बहुउद्धेश्यीय सहकारी संस्था लि., स्वतन्त्र बचत तथा ऋण सहकारी संस्था लि. नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. ॐ साईराम बचत तथा ऋण सहकारी संस्था लि., इमेज बचत तथा ऋण सहकारी संस्था लि र शुभ आशिर्बाद बचत तथा ऋण सहकारी संस्था लि. गरी

छ वटै संस्थाहरुले पालै पालो प्रस्तुतीकरण गरेका थिए । समिक्षा गोष्ठिमा छ वटै संस्थाको नेतृत्व र व्यवस्थापनको जिम्मेवार कर्मचारी गरी २/२ जनाका सहभागिता रहेको थियो । संस्थाहरुको प्रस्तुतीकरणका आधारमा बैंकको सदस्य सेवा डिभिजन प्रमुख रामबाबु आचार्य र अधिकृत नब कुमार अधिकारीले छलफल एवं अन्तरक्रिया गर्नु भएको थियो । संस्थाको प्रस्तुतीकरणका आधारमा वित्तीय स्वस्थता र आन्तरिक सुशासनका क्षेत्रमा संस्थाहरुले सुधार गरी संस्थाको स्तरोन्नती गर्नु पर्ने निचोड निकालिएको थियो ।

समिक्षा गोष्ठिमा बैंकको सदस्य सेवा डिभिजन प्रमुख राम बाबु आचार्यले हालको अवस्थामा संस्थाहरुले तरलता व्यवस्थापन, भाखा नाघेको ऋण असुली तथा सुरक्षण कोषमा आवश्यक रकम व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने बताउनु भयो । संस्थाहरुको प्रस्तुतीकरण एवं छलफलका आधारमा ११ बुँदे प्रतिवद्धता गरिएको छ । अर्को समिक्षा गोष्ठि स्वतन्त्र बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा बस्ने र सो अवधि सम्म हालका ११ वटा प्रतिवद्धता पुरा गरी सक्ने गरी कार्यक्रम सम्पन्न गरियो ।

# अछाममा सहकारी बैंकको अन्तरक्रिया : शाखा सञ्चालन गर्न सहकारीकर्मीहरूको माग




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखाको आयोजनामा सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला अछाममा सहकारी बैंक र सदस्य संघ संस्थाका प्रतिनिधिहरुबीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्तिक १ गते अछामको साफेबगरमा आयोजित कार्यक्रममा अछाम, बाजुरा र डोटि जिल्लाका सहकारीकर्मीहरुले अछामको साफेबगरलाई केन्द्रीत गरेर राष्ट्रिय बैंकको शाखा वा सेवा केन्द्र सञ्चालन गर्न माग गरेका छन् ।

उनिहरुले यस क्षेत्रमा बैंकको शाखा नहुँदा सुदूरपश्चिम प्रदेशको जिल्लाका सहकारीहरुलाई वित्तीय सहज र संस्थागत रुपमा सक्षम बनाउनका लागि सहकारी बैंकको शाखा आवश्यक रहेको बताएका हुन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष तथा बैंकका सल्लाहकार मिनराज कँडेलले यस क्षेत्रको गरिबी निवारण र सहकारी संस्थाहरुलाई व्यवस्थित रुपमामा सञ्चालन गर्नको लागि बैंकको शाखा वा सेवा केन्द्र आवश्यक रहेको बताउनु भयो । उहाँले 'जहाँ सहकारीको उपस्थिति बाक्लो छ, त्यहाँ गरिबी पनि कम छ' उहाँले भन्नुभयो । रोजगारी सिर्जना, उत्पादन र गरिबी निवारणमा सहकारी क्षेत्रको भूमिका बढाउन सकिने आवश्यक भएको उहाँको भनाइ थियो । आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा सहकारीले महत्वपूर्ण योगदान दिने भएको हुँदा यहाँ बैंकको शाखा सञ्चालन गरि यस क्षेत्रका सहकारी संघ/संस्थाहरुलाई सहज वित्तीय तथा गैर-वित्तीय सेवा उपभोग मार्फत गरिबि घटाउन सहज पुग्ने बताउनु भयो ।

कार्यक्रममा साफेबगर नगरपालिकाका प्रमुख राजेन्द्र बहादुर कुँवर र बडिमालिका नगरपालिकाका प्रमुख अमर खड्काले सहकारीहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि नगरपालिका र सहकारी अभियानबीच

सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । उहाँहरुले यस क्षेत्रका सहकारीहरुलाई सक्षम बनाउनका लागि आवश्यक प्रविधि र शिक्षा प्रदान गर्न समन्वय गर्ने तथा बैंकको शाखा तथा सेवा केन्द्र सञ्चालनका लागि सहयोग र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सुदुरपश्चिम प्रदेशका संयोजक शिवा थापा, सुदूरपश्चिम प्रदेश बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष सुरत बहादुर थापा, जिल्ला सहकारी संघ अछामका अध्यक्ष अमरनाथ न्यौपाने, जिल्ला जिल्ला बचत तथा ऋण सहकारी संघ अछामका अध्यक्ष चन्द्र प्रसाद भण्डारी, अमरगढी नगरपालिका सहकारी शाखा प्रमुख टंकप्रसाद पन्त लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

बैंकको धनगढी शाखाका प्रमुख कृष्ण रावलले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको कार्यक्रममा महेन्द्रनगर शाखाका प्रमुख प्रकाश थपलियाले गर्नु भएको थियो ।

कार्यक्रममा अछाम, डोडि र बाजुरा जिल्लाका सहकारी संघ/संस्थाका ९० भन्दा बढि प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# रुपन्देहीको प्रगतिशील महिला सहकारी बैंकको स्तरीकरण कार्यक्रममा आबद्ध

ललितपुर । रुपन्देहीको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आबद्ध भएका छन् ।




कार्तिक १७ गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट सञ्चालक माधवलाल देवकोटा, स्तरीकरण विभागका अधिकृत नवकुमार अधिकारी र प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सिता न्यौपानेले स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता कार्यक्रममा बोल्दै बैंकका सञ्चालक माधवलाल देवकोटाले सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने बताउनु भयो । सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो ।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ ।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाकाकी अध्यक्ष न्यौपानेले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय

रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो ।

उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो । सम्झौता कार्यक्रममा बैंकका सञ्चालक माधवलाल देवकोटा, अधिकृत नव कुमार अधिकारी, तिलोत्तमा शाखाका प्रमुख यशोदा पौडेल, संस्थाकी अध्यक्ष सिता न्यौपाने व्यवस्थापक जमुना कुमारी गिरी लगायतको सहभागिता रहेका थियो ।

# राष्ट्रिय सहकरी बैंकका अध्यक्ष उप्रेती नेडाकको प्रथम उपाध्यक्षमा निर्विरोध निर्वाचित

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के. बी. उप्रेती एसिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरूको विकासका लागि सञ्जाल (नेडाक) को प्रथम उपाध्यक्षमा पुनः निर्विरोध निर्वाचित हुनू भएको छ ।

कार्तिक-१८ गते (नोभेम्बर-४ तारिख) बैंककमा सम्पन्न साधारण सभाबाट तेस्रो कार्यकालको लागि निर्विरोध निर्वाचित हुनुभएको हो । राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको संचालक समेत रहनु भएका उप्रेतीले राष्ट्रिय सहकारी बैंकको तर्फबाट नेडाकमा प्रतिनिधित्व गर्दै आउनु भएको छ । उप्रेतीसँगै अध्यक्षमा राष्ट्रिय सहकारी विकास निगम भारतका प्रबन्ध निर्देशक पंकज कुमार बंसल निर्वाचित भएका छन् । नेडाकका अध्यक्ष तथा सह -अध्यक्षको अनुपस्थितिका कारण साधारणसभा उप्रेतीकै अध्यक्षतामा संचालन भएको थियो । सन् १९६३ मा स्थापना भई भारतमा सहकारी क्षेत्रको लागि विशेष रूपमा सञ्चालित नेडाकले विशेष गरी कृषि क्षेत्रमा काम गर्दै आइरहेको छ ।



FAO ANNEX बैंककमा सचिवालय रहेको NEDAC, ९ एसियन राष्ट्रका १६ संस्थाको सञ्जाल बाट सुरु भएकोमा हाल ५७ सदस्य संस्थाहरु यसमा आबद्ध रहेको छन् । नेपालको तर्फबाट राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड र केन्द्रीय कृषि सहकारी संघ सदस्य रहेका छन् । नेडाकको आगामी कार्यसमितिको बैठक नेपालमा गर्ने निर्णय भएको प्रथम उपाध्यक्ष उप्रेतीले बताउनु भयो ।

# भक्तपुरका सहकारीकर्मीहरूलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्यविनायक शाखाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम प्रदान गरेको छ । कार्तिक १९ गते सुर्यविनायक शाखाको कार्यक्षेत्र अन्तर्गतका सहकारी संघ/संस्थालाई लक्षित गरि आयोजना गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिममा त्यस क्षेत्रका २७ वटा सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । एक दिने उक्त तालिम कार्यक्रमको शुभारम्भ सुर्यविनायक शाखाका प्रमुख दिनेश गेलालले तालिममा आपराधिक क्रियाकलाप र गैर कानुनी काम गरी आर्जन गरेको रकम सहकारी संघ/संस्था, बैंक तथा अन्य वित्तीय माध्यमले शुद्धीकरण गर्ने कामलाई निरुत्साहित र निवारण गर्न कर्मचारीहरूलाई यस सम्बन्धी कानुनी व्यवस्था, शुद्धि करणका प्रयास, रिपोर्टिङको तरिका र निवारणका प्रक्रियाको बारेमा सहकारी संघ/संस्थामा काम गर्ने कर्मचारीले ध्यान दिनु पर्ने बताउनु भयो ।

नेपाल राष्ट्र बैंकका पूर्व उप-निर्देशक श्याम कृष्ण दाहालले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी उक्त तालिमको सहजीकरण गर्दै गैर कानुनी रूपमा आर्जित रकम, आपराधिक र आतङ्कवादी क्रियाकलापबाट आर्जित रकमको पहिचान कसरी गर्ने र शङ्कास्पद कारोबारको रिपोर्टिङ तरिका बारेमा जानकारी दिनु भएको थियो ।

# रूपन्देहीको आत्मरक्षा बचत तथा ऋण सहकारी संस्था स्तरीकरण (केयर) कार्यक्रममा आबद्ध



ललितपुर । रुपन्देहीको देवदह नगरपालिका वडा नम्बर १० मा रहेको आत्मरक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आबद्ध भएका छन् । कार्तिक १९ गते राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत नवकुमार अधिकारी र संस्थाका अध्यक्ष जीत बहादुर पाईजाले स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने छ । सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि बैंकले विभिन्न कार्य गर्दै आएको छ । सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ ।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका अध्यक्ष पाईजाले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई धेरै

व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो । सम्झौता कार्यक्रममा बैंकका अधिकृत नव कुमार अधिकारी, बुटवल शाखाका नारायण वेल्वासे लगायतको सहभागिता रहेका थियो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध झापाका संस्थाहरूबीच समिक्षा गोष्ठी




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत झपा जिल्लामा आवद्व सहकारी संस्थाहरुका प्रतिनिधिहरु बीच "केयर समिक्षा" कार्यक्रम , कार्तिक १९ गते सम्पन्न भएको छ ।

केयर कार्यक्रममा आवद्व मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड दमकको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर

कार्यक्रममा आवद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघका पूर्व सञ्चालक रामचन्द्र उप्रेतीले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो । उहाँले ‘‘कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलव्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नु भयो’’ ।

राष्ट्रिय सहकारी बैंकका सञ्चालक अमृता शुब्बाले सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।

केयर कार्यक्रममा सहभागि सहकारी संस्थाहरुको तर्फबाट आ-आफ्नो संस्थाको प्रगती विवरण प्रस्तुत गर्दै सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

कार्यक्रममा राष्ट्रिय राष्ट्रिय सहकारी बैंकका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती, सञ्चालक अमृता सुब्बा, प्रदेश नम्बर एकको प्रदेश सहकारी संघका सचिव भवानी प्रसाद दंगाल, राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, दमक-६, का वडा अध्यक्ष टेक बहादुर थापा, लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बैंकको स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो । समिक्षात्मक गोष्ठी कार्यक्रमले ९ बुँदे निश्कर्ष समेत निकालेको छ। संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा वैठक गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने लगायत रहेका छन् ।

कार्यक्रम आयोजक संस्था मेची बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष नारायण प्रसाद भट्टराईको अध्यक्षतामा भएको थियो ।

# बर्दघाटमा कर्जा असुली व्यवस्थापन तालीम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बर्दघाटको आयोजनामा त्यस क्षेत्रका सहकारी संस्थाहरुलाई कर्जा असुली व्यवस्थापन सम्बन्धी एक दिने तालिम कार्तिक २३ गते सम्पन्न भएको थियो ।

नवलपरासी जिल्ला र सो आसपासमा रहेका जिल्लालाई कार्यक्षेत्र बनाएर क्रियाशील रहेका बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो । तालिमलाई बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले कर्जाको अर्थ, महत्व र व्यवस्थापन कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषणबारे, लघु कर्जा व्यवस्थापनबारे कर्जामा आवश्यक सुशासनबारे, कर्जा विश्लेषण र कर्जा लगानीमा ध्यान दिनुपर्ने कुराहरू कर्जा असुली तथा अनुगमनबारे सहभागीहरूको जिज्ञासाहरू समेट्दै सहभागिता मूलक तालिम दिनुभएको थियो । तालिम समापनका अवसरमा प्रशिक्षक बरालले तालिममा सहभागी सहकर्मीहरूलाई तालिम आयोजनाको उद्देश्यबारे प्रस्ट पार्नुहुँदै कर्जाको माध्यमबाट सहकारीमा र सम्पूर्ण जनजीविकामा पर्ने प्रभावकारिताबारे बताउनुभयो । वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्वपूर्ण हुने भएकाले सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो ।

बैंकको बर्दघाट शाखाका प्रमुख सविना पोखरेलले सहकारी संघ/संस्थाहरुको आवश्यक्तालाई मध्यनजर गरी तालिम सञ्चालन गर्दै आएको र आगामी दिनहरुमा पनि बैंकले सदस्य सहकारीको आवश्यक्ताका आधारमा सहभागिता मूलक, व्यावहारिक र प्रभावकारी अन्य थप तालिमहरू पनि सञ्चालन गर्ने कार्यक्रम रहेको जानकारी गराउनु भएको थियो । तालिममा त्यस क्षेत्रका सहकारी संघ संस्थाहरूबाट ५३ जनाको सहभागिता रहेको थियो ।

# रूपन्देहीमा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तलोत्तमा शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ । कार्तिक २४ गते बैंकको तलोत्तमा शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि ३८ जना भन्दा बढिको सहभागीता रहेको थियो ।

सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजिकरण गर्नु भएको तालिमको सञ्चालन शाखा प्रमुख यशोदा पौडेलले गर्नु भएको थियो् ।

तालिमका सहभागिहरुले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलब्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् । ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौलि शाखाद्वारा आयोजित एक दिवसीय व्यवस्थापकहरुको क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको छ ।

भदौ ९ तनहुँको दमौलिमा सञ्चालन भएको उक्त तालिम कार्यक्रमको उद्घाटन गर्दै व्यास नगरपालिकाका मेयर एवम् कार्यक्रमका प्रमुख अतिथि बैकुण्ठ न्यौपानेले तालिमा सिकेको ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । बैंकले संञ्चालन गर्ने यस्ता तालिमले सहकारी व्यवसायको गुणात्मक विकास हुने अपेक्षा गरेको बताउँदै आफूले विगतमा धैरै प्रकारका तालिमहरु लिएर नेतृत्व तहसम्म पुग्न सफल भएको हुँदा आजका व्यवस्थापकहरुमा पनि आफूले सो कुरा देखेकाले जिम्मेवार भएर काम गर्नेहरुका लागि सहकारी उर्वर र बहुआयामिक क्षेत्र भएको बताउनुभयो । उहाँले सहकारी संघ/संस्थाहरुलाई नीति र विधिमा चलाउन व्यवस्थापकको भूमिका महत्वपुर्ण हुने भन्दै नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास गर्नको लागि बैंकसँग सहकार्य गर्न तयार रहेको कुरा उल्लेख गर्नुभयो । सोही अवसरमा बोल्दै जिल्ला सहकारी संघका अध्यक्ष श्रीप्रसाद भट्टराईले सहकारी व्यवसायको अभिवृद्धि र स्थायित्वका लागि व्यवस्थापकहरुको भूमिका महत्वपूर्ण हुने बताउँदै व्यवस्थापकहरु सधै चनाखो भएर सामय सापेक्ष रुपमा चल्न सक्नुपर्ने कुरामा जोड दिनुभयो । बैंकको दमौली शाखा समन्वय उपसमितिका संयोजक एवम् केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष अम्बर बहादुर कुँवरको अध्यक्षतामा भएको तालिममा त्यस क्षेत्रमा रहेका सहकारी संस्थाहरुमा कार्यरत ४८ जना व्यवस्थापकहरुको सहभागिता रहेको उक्त तालिममा बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारी व्यवसायको विकास, मूल्य र सिद्धान्तको प्रयोग र सरोकारवाला निकायहरुबीच सम्बन्ध विकास, सहकारीमा बित्तीय व्यवस्थापन, व्यवस्थापकको नेतृत्वशीलता तथा सञ्चालक बीचको सम्बन्ध लगायतको विषयमा सहजिकरण गर्नु भएको थियो ।

# सहकारी क्षेत्रको समस्या समाधान गर्न अभियान एकताबद्ध हुनुपर्नेमा दोलखाका सहकारीकर्मीको जोड

ललितपुर । पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि समग्र सहकारी अभियान एकताबद्ध हुनु पर्नेमा दोलखाका सहकारीकर्मीहरुले जोड दिएका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेड दोलखा शाखाले कार्तिक २८ गते चरिकोटमा आयोजना गरेको "सहकारीमा तरलताको वर्तमान अवस्था र आगामी योजना विषयक अन्तरक्रिया" कार्यक्रमका सहभागीहरूले सहकारीको रकम अन्यत्र राख्ने, अप्ठेरो पर्दा अभियान खोज्ने प्रवृत्तिमा सुधार आवश्यक रहेको बताएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीको कारोबार सहकारी बैंकमा केन्द्रित हुनुपर्ने बताउनु भयो । उहाँले सहकारीको मूल-मर्मलाई आत्मसाथ गर्दै अहिलेको विषम परिस्थितिमा सदस्य भेटघाट सम्पर्क समन्वय मार्फत सहकारीको अवस्थाबारे जानकारी गराउँदै सहकारी प्रति विश्वास दिलाउनु पर्ने भन्दै आ-आफ्नो संस्थाको अवस्थालाई विश्लेषण गरि सदस्य सेवामा केन्द्रित हुन सस्ताहरूलाई आग्रह गर्नुभयो ।

उहाँले राज्यमा वित्तीय सङ्कट रहेको विभिन्न तथ्यहरूले प्रस्ट पारेको आजको अवस्थामा सहकारी संस्थाहरु प्रभावित नभई अडिक भएर अगाडि बढ्न अनुरोध गर्नुभयो । सहकारी सामाजिक तथा आर्थिक क्षेत्रमा सदस्य केन्द्रित समुदायमा आधारित संस्था हो भनी आफ्ना सदस्यहरूलाई महसुस गराउन संस्थाका सञ्चालकहरूले ध्यान दिन आवश्यक रहेको उल्लेख गर्नुभयो । सुशासनमा भएका कुराहरूमा आधारित भएर राष्ट्रिय सहकारी बैंकले सहकारी संस्थाहरुको विकासको लागी विस्तारमा कार्यक्रमहरू अगाडी बढाएको भन्दै सदैव राष्ट्रिय सहकारी बैङ्कसँग जोडिन उप्रेतीले सम्पूर्ण सहकारी संस्थाहरुलाई अपिल गर्नुभयो । बैंकको दोलखा शाखाका प्रमुख हेमन्त चौलागाईले वित्तीय सहकारीहरूले बैंकिङ क्षेत्रसँग आफूलाई दह्रो बनाएर उभिनुपर्ने चुनौती रहेको बताउनुभएको छ । सहकारी संस्थाले संस्थागत पूँजी र जगेडा कोष वृद्धि गरी संस्थालाई मजबुत बनाउन आवश्यक रहेको भन्दै सहकारी व्यवस्थापनका विभिन्न आयामहरूमध्ये तरलता व्यवस्थापन एक महत्पूर्ण आयाम भएकोले संस्थाको तरलता व्यवस्थापनमा यो कार्यक्रमले सहकारीका व्यवस्थापकहरूलाई पृष्ठपोषण मिल्ने विश्वास व्यक्त गर्नु भयो ।

कार्यक्रममा आईलियल यमुना बहुउद्देश्यीय सहकारी संस्था लि. काठमाडौका अध्यक्ष कुयाङ लामाले अहिलेको वर्तमान अवस्थामा उत्पन्न भएको वित्तीय क्षेत्रमा तरलताको समस्यादेखि भाग्दा क्षमा दिने स्थान कहिपिन नभएको हुँदा यस्ता समस्यासँग नडगमगाई भइपरी आउने समस्यासँग जुधेर सरल र सहज ढङ्गले आफ्नै स्वविवेक प्रयोग गरी यसको व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ । उहाँले संस्थाबाट हुने ऋण प्रवाहमा विशेष रूपमा विश्वासको आधार पहिचान गरी ऋण लगानी गर्नुपर्ने चर्चा गर्दै  समस्याहरू क्षणिक हुन्छन् अहिले देखिएको मन्दी पनि क्षणिक हो भन्ने महसुस गरी सकारात्मक विचारका साथ संस्थागत विकासको लागी अगाडी बढ्न वहाँले अनुरोध गर्नुभयो ।

जिल्ला सहकारी संघ दोलखाका महासचिव कृष्ण प्रसाद दहालले संस्थाको तरलताको व्यवस्थापन हुने गरी मात्रै ऋण प्रभावहमा केन्द्रित हुन सम्पूर्ण सहकारीका व्यवस्थापकहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा सहभागी अर्थभुमी बचत तथा ऋण सहकारी संस्था लि.दोलखाका व्यवस्थापक मन कुमार श्रेष्ठले सहकारी संस्थामा तरलता अभावको समस्या उत्पन्न हुनु भनेको विश्वासको वातावरण गुम्दै गएको आफूलाई महसुस भएको बताउनु हुँदै जनताको विश्वास सहकारीमा कायम राख्नको लागी माथिल्लो निकायले विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो । पौरखी कृषि सहकारी संस्था लि.दोलखाका व्यवस्थापक सुरेशराज खतिवडाले बैंक र सहकारी बिच हुने ब्याजदर अन्तरको कारण तरलता अभावको सिर्जना भएको हुन सक्ने भन्दै समयमै यस तर्फ ध्यान दिन आवश्यक रहेको बताउनुभएको छ । कार्यक्रममा दोलखाका विभिन्न सहकारी संघ/संस्थाहरूबाट सञ्चालक व्यवस्थापक र कर्मचारी गरी ३५ जना भन्दा बढिले सहभागिता जनाएका थिए ।

# स्तरीकरण कार्यक्रम केयरमा सहभागि कार्यदललाई अभिमुखीकरण

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रममा सहभागि देशभरको कार्यदलका सदस्यहरुलाई "अभिमुखिकराण" कार्यक्रम सम्पन्न भएको छ । कार्तिक २७, २८, २९ र ३० गते भर्चुअल माध्यमबाट भएको कार्यक्रममा ९० वटा कार्यदलका १ सय ९१ जना सहभागि भएका थिए । राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सम्पन्न भएको कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रम समापनको अवसरमा बोल्दै बैंकको सदस्य सेवा विभागका प्रमुख रामबाबु आचार्यले केयर कार्यक्रमलाइ थप प्रभावकारी रूपमा अगाडी बढाउने बताउनु भयो । उहाँले सहकारी संस्थाहरूले केयरका सुचकांकहरूमा आधारीत रहेर संस्थाहरूको स्वमुल्यांकन गर्नुपर्ने भन्दै सहकारी संस्थाहरूलाइ अवश्यक तालिमहरू प्रदान गरिने उल्लेख गर्नु भयो । हालको बिषम परिस्थितीमा तरलता व्यवस्थापनमा बिशेष ध्यान पनि आग्रह गर्नु भयो ।

बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमार शर्माले सञ्चालन गर्नु भएको कार्यक्रममा बैंकको स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमाल र नव कुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो ।

## जनसचेतन सहकारी अभियन्ता राष्ट्रिय पुरस्कारबाट अध्यक्ष उप्रेती

....उक्त पुरस्कारबाट यस अघि सहकारी बैंकका सल्लाहकार केशव बडाल, दीपकप्रकाश बासकोटा लगायत सम्मानित भई सक्नु भएको छ ।

संस्थाका अध्यक्ष हेमन्त चौलागाईंको अध्यक्षतामा भएको स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै प्रमुख घतानीले सहकारीले वचत र ऋणको कारोबारसंगै उत्पादनमा लाग्न सुझाव दिनुभयो । विपन्न वर्गको जीवनस्तर रुपान्तरण गर्न सकेमात्र सहकारीको उद्देश्य पुरा हुने भन्दै सहकारीले उद्योग र वजारीकरणका नयाँ विधामा कामको थालनी गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा प्रमुख घतानीले दोलखाका सबै पालिकामा फरक फरक उत्पादनको योजना बनाउन आफूले समन्वयकारी भूमिका निर्वाह गर्ने पनि प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्षसमेत रहनु भएका सहकारी अभियन्ता केवि उप्रेतीले दोलखालाई सहकारीको नमूना जिल्ला बनाउन जनसचेतनलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । सहकारी क्षेत्रको विकास र विस्तारका लागि आफूले सकेको सहयोग गर्ने बताउनुभयो । समृद्ध नेपालको अभियान पूरा गर्न सहकारीको विकल्प नभएको धारणा राख्नुभयो ।

कार्यक्रमलाई बैत्यश्वर गाउँपालिकाकी उपाध्यक्ष कल्पना उप्रेती नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक जीवसराज खड्का, जिल्ला सहकारी संघ दोलखाका महासचिव कृष्ण प्रसाद दहाल, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष पवन प्रसाद दहाल,

लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैगरी संस्थाले स्थापना दिवसको अवसरमा विभिन्न विधामा पुरस्कार वितरण गरेको छ। संस्थाले संस्थाका सल्लाहकार समेत रहनु भएका स्वर्गीय पशुपति चौलागाईको परिवारलाई मरणोपरान्त सम्मान प्रदान गरेको छ । जनसचेतन पत्रकारिता पुरस्कारबाट रेडियोकर्मी निर्मला शिवाकोटी (विनिता) लाई सम्मान गरेको छ। दोलखा जिल्लाभर कार्यक्षेत्र रहेको संस्थाले दोलखासंगै काभ्रेपलान्चोक, भक्तपुर, काठमाडौ जिल्ला भर र ललितपुर महानगरपालिका थप गरि ५ जिल्लामा सेवा क्षेत्र बिस्तार गरेको छ। सहकारीमा गत आर्थिक वर्षको असार मसान्त सम्म ३६ हजार २सय ५४ जना रहेका छन् भने सहकारीमा हाल कुलपुँजी २ अरब १८ करोड ६९ लाख ४ हजार १ सय ६१ रुपैयाँ रहेको संस्थाका अध्यक्ष हेमन्त चौँलागाईले बताउनु भयो ।

## डडेल्धुरामा सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम

......उहाँले यस क्षेत्रको गरिबि न्यूनिकरण र रोजगारी सिर्जना गर्न सहकारी संस्थाहरु उत्पादनमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। अमरगढी गरपालिकाका प्रमुख डिल्लीराज जोशीले विपन्न वर्गका जनतालाई उद्यमशिलता मार्फत मध्यम वर्गका रुपान्तरण गर्ने काममा सहकारीहरुको भूमिका प्रभावकारी बन्दै गएको बताउनु भएको छ ।

दुर्गम देखि सुगम क्षेत्रमा बस्ने आफ्ना सदस्यहरुलाई आयआर्जन गर्न, उद्यमशिलताको विकास गर्न तथा उनीहरुलाई करयोग्य नागरिक निर्माण गर्न सहकारीहरुको महत्वपूर्ण भएको रहेको चर्चा गर्दै उहाँले सहकारीहरुको प्रवर्द्धनका लागि राज्यले नीति निर्माणमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो । अन्तरक्रियामा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी क्षेत्रलाई वित्तीय रुपमा सक्षम, संस्थागत रुपमा सुशासनयुक्त र प्रविधिमैत्री बनाउनका लागि सहकारी बैंकसंगको सहकार्यका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भयो । कतिपय सहकारीहरु सहकारी ऐन नियमलाई वास्ता नगर्ने, माथिल्लो निकायमा आवद्ध नभई एक्लै हिड्न खोजेका कारण पछिल्लो समय सहकारीमा समस्या देखिएको छ, अध्यक्ष उप्रेतीले भन्नुभयो-'सजिलोमा एक्लै र मनपरी ढंगले सञ्चालन भएका सहकारीहरु अप्ठेरो परेपछि अभियान खोज्दै आएका छन् ।' सहकारीको रकम सहकारीमा राखौ भन्दा वास्ता नगर्ने, सहकारीमा वित्तीय समस्या आएपछि अभियानको साथ खोज्ने प्रवृतिमा सुधार आउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक पद्मा गुरुङ, राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सुदुरपश्चिम प्रदेशका संयोजक शिवा थापा, जिल्ला सहकारी संघ डोटिका अध्यक्ष लोकेन्द्र बहादुर बोहोरा, जिल्ला सहकारी संघ अछामका अध्यक्ष अमरनाथ न्यौपाने, अमरगढी नगरपालिका सहकारी शाखा प्रमुख टंकप्रसाद पन्त लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा बैंकको धनगढी शाखाका प्रमुख कृष्ण रावलले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षता, संञ्चालक शिवा थापाको स्वागतमा सम्पन्न कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंकका महेन्द्रनगर शाखाका प्रमुख प्रकाश थपलियाले गर्नु भएको थियो । कार्यक्रममा डडेल्धुरा, अछाम, डोडि र बैतडी जिल्लाका सहकारी संघ/संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२५५५